स्थानीय सरकार
Local Government
पथरी शनिश्चरे नगरपालिका
Pathari Shanishchare Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पथरी, मोरङ, कोशी प्रदेश, नेपाल
Pathari, Morang, Koshi Province, Nepal

प.सं.२०८२/०८३
च.नं.

दोस्रो पटक सूचना प्रकाशित मिति:२०८३/०१/२९

**विषय: ५० प्रतिशत अनुदानमा कोदो (डल्ले-१) को उन्नत बीउ वितरण सम्बन्धी सूचना।**

यस पथरी शनिश्चरे नगरपालिकाको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत बजेट रैथाने बाली संरक्षण तथा प्रवर्द्धन कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा **कोदो (डल्ले-१)** को उन्नत बीउ बितरण गर्ने मिति २०८३/०१/२१ गते प्रथम पटक सूचना प्रकाशन गरिएकोमा तोकिएको म्याद भित्र कुनै पनि निवेदन दर्ता हुन नआएको हुँदा पुनः दोस्रो पटक यो सूचना प्रकाशित गरिएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८३/०२/०४ गते सम्म कार्यालय समय भित्र तपसिलका आवश्यक कागजातहरुका साथ निवेदन दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

**आवश्यक कागजातहरु:**

१. रु १० को निवेदन दस्तुर तिरेको रसिद।

२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

४. जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी वा ठेक्का भए ठेक्का लिएको आधिकारिक करार पत्र र करार पत्र दिने व्यक्तिको हालसालै तिरो तिरेको प्रतिलिपी र ऐलानी जग्गाको हकमा वडा कार्यालयको सिफारिस पत्र।

राधाकृष्ण खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

*नोटः संघ, प्रदेश र स्थानीय तहवाट यस अघि सोही प्रकारको अनुदान नलिएको हुनुपर्नेछ र लिएको हकमा २ वर्षक नाघेको हुनु पर्दछ।*